# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौंडा, मकवानपुर, नेपाल

---

## बैठक - ४५

मितिः २०७७/०५/२८ गते बिहान ११:०० बजे(भर्चुअल बैठक)

निर्णयहरु:

१. कोरोना भाइरस (कोभिड-१९) महामारीको रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) बाट नागरिकको जीवन रक्षालाई प्राथमिकतामा राखि रोगको रोकथाम, नियन्त्रण र उपचारलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन आवश्यक पर्ने क्वारेन्टाइन, आइसोलेसन आई. सि. यु, भेन्टिलेटर, पि. सि. आर. मेसिन, टेष्ट किट लगायत सम्पूर्ण स्वास्थ्य सामाग्रीहरु खरिद तथा अन्य व्यवस्थापन कार्यमा हालसम्म भएको खर्चको विवरण सार्वजनिक गर्ने र सो विवरण सार्वजनिक लेखा समितिलाई उपलब्ध गराउन निर्देशन दिने। साथै दिनानुदिन संक्रमणको जोखिम बढ्दै गइरहेकाले रोगको पहिचानमा बढि भन्दा बढी जोड दिने, भोलिका दिनमा आई. सि. यु. र भेन्टिलेटरको अभाव हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै कुनै पनि बिरामी उपचारबाट वञ्चित हुन नपर्ने गरी प्रभावकारी एवम् पारदर्शी ढंगबाट आवश्यक व्यवस्थापनमा केन्द्रित हुन निर्देशन दिने।

२. प्रदेश सरकारले प्रदेश गौरवको योजनाको रुपमा नीति तथा कार्यक्रम एवम् बजेटमा अघि सारेको पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भिमफेदी-कुलेखानी) संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल पूर्वाधार विकास कम्पनी काठमाण्डौबीच काठमाण्डौ - कुलेखानी - भिमफेदी- हेटौडा (सुरुङ्ग मार्ग सहित) सडक निर्माण सम्झौता भईसकेकोले उक्त सम्झैताको बैधानिकता प्रष्ट हुन जरुरी देखिन्छ। संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल पूर्वाधार विकास कम्पनी काठमाण्डौबीच भएको उक्त सम्झौताको समयसीमा समाप्त भइसकेको अवस्थामा पनि सम्झौता रद्द नभएको, कानूनी/विधिवत् रुपमा प्रदेश सरकारमा योजना

हस्तान्तरण नभएकोले प्रदेश सरकारको योजना हो/होइन एकिन गर्नुपर्ने, नीतिगत अस्पष्टाताकाबीच प्रदेश सरकारले पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भिमफेदी-कुलेखानी) निर्माणमा अघि बढ्दा भविष्यमा कानूनी र व्यबहारिक समस्या झेल्नुपर्ने अवस्था आउने देखिन्छ। नेपाल पूर्वाधार विकास कम्पनीले सर्वसाधरणबाट करोडौं रकम उठाएर हालसम्म पनि योजना कार्यान्वयन नगरेको अवस्थामा अन्य आर्थिक स्रोतको सुनिश्चितता समेत नगरी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयले परामर्शदाता बोलपत्र आव्हान गरेकोले कानूनी जटिलता रहँदा रहदै प्रदेश सरकारले ठूलो धनराशी खर्च गर्दा सर्वसाधारण जनताबाट कम्पनीले उठाएको तथा प्रदेश सरकारको दुवै रकम असुरक्षित हुने र अन्य आवश्यक पूर्वाधार विकासका कार्यक्रम समेत प्रभावित हुने देखिन्छ। साथै कोरोना भाइरसको विश्वव्यापि महामारीका कारण देशको अर्थतन्त्र ओरालो लागेको एवम् अर्थतन्त्र ऋणात्मक हुने जोखिमकाबीच प्रदेशको कुल बजेटमा पनि ह्रास आउने देखिएको र कोभिड-१९ बाट सिर्जित स्वास्थ्य संकट समाधानमा प्रदेशले पनि ठूलो आर्थिक व्ययभार बहन गर्नुपर्ने भएकोले उल्लेखित विषयहरुको टुंङ्गो नलगाई आयोजना अगाडी बढाउँदा अलपत्र पर्ने र राज्यकोषको ठूलो रकम दुरुपयोग हुने देखिएकोले पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भिमफेदी-कुलेखानी) निर्माण कार्य सम्बन्धी प्रक्रिया तत्काल अगाडी नबढाउन भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने।

३. प्रदेश सरकारले प्रदेश भित्र विद्युतीय बस सञ्चालन गरी आम प्रदेशबासी नागरिकलाई सार्वजनिक यातायातको क्षेत्रमा सेवा पुर्याउन खोज्नु सकारात्मक विषय हो। तर सरकार आफैंले सञ्चालन गर्ने गरी चालु आ.व.मा नै विद्युतीय बस खरिदका लागि अघि बढ्न लागेको सन्दर्भमा केही विषयहरु प्रष्ट हुन जरुरी छ। विद्युतीय बस सञ्चलानका लागि गत आ.व.मा साझा यातायातसँग गरिन लागेको सहकार्य किन तोडियो ? यसको विस्तृत जानकारी पारदर्शी ढँगबाट प्रदेशबासीसमक्ष ल्याउनु सरकारको दायित्व हो। अहिले कुनैपनि व्यवसायिक योजना नबनाई तथा तद्अनुरुपको कानून/कार्यविधि एवम् संरचनागत तयारी नगरी विद्युतीय बस खरिदमा प्रदेश सरकार अघि बढ्दा खराब आर्थिक अवस्थाका कतिपय सरकारी संस्थानको जस्तो नियति नहोला भन्न सकिन्न। अतः विद्युतीय बस खरिद गर्नु अघि स्पष्ट व्यवसायिक योजना तयार गर्न, कानूनी संरचना निर्माण गर्न एवम् विद्युतीय बस सञ्चालनका निम्ति आवश्यक पर्ने आर्थिक स्रोत तथा भौतिक पूर्वाधार तथा प्राविधिक जनशक्तिको सुनिश्चितता गरी कार्यक्रम अगाडी बढाउन प्रदेश सरकार (भौतिक पूर्वाधार विकास मन्त्रालय) लाई सार्वजनिक लेखा समिति निर्देशन गर्दछ। साथै बागमती प्रदेशमा कोभिड-१९ को महामारी दिनानुदिन भयावह बन्दै गइरहेको स्थितिमा नागरिकको स्वास्थ्यलाई पहिलो

प्राथमिकतामा राखेर प्रदेश विकास योजनाहरु मितव्ययी र पारदर्शी ढंगबाट अगाडी बढाउन समेत प्रदेश सरकार (भौतिक पूर्वाधार विकास मन्त्रालय) लाई समिति निर्देशन गर्दछ।

४. विविध सम्बन्धमा - सार्वजनिक लेखा समिति अन्तर्गत गठित प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति र खरिद अध्ययन तथा अनुगमन उपसमितिको म्याद मिति २०७७ साल असोज मसान्तसम्म थप गर्ने।